# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हेटौं, भण्डारा, चितवन
३ नं. प्रदेश, नेपाल

☎: ०५६-५५००९५

प.सं. ०७५/०७६
च.नं. ३६९६

मिति २०७५। ३।२५

एकिकृत करको लागि फाराम भरि पठाउने वारेको

**अत्यन्त जरुरी सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ वमोजिम राप्ती नगरपालिकावाट २०७५।४।१ देखि एकिकृत सम्पत्ति कर लगाउने भएकोले राप्ती नगरपालिका भित्र रहेको जग्गा र घर टहरो सेड वाल जस्ता भौतिक संरचनाको विवरण खुलाइ फाराम भरी वडा कार्यालय मार्फत यस कार्यालयमा पेश गर्नु हुन सवै सम्पत्ती धनीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ वडा कार्यालय मार्फत एकिकृत सम्पत्ती करको फाराम प्राप्त भएपछि कम्प्यूटरमा प्रविष्ट गरिने छ र सो पश्चात कर लिईने छ ।

२. करको लागि फाराम सम्पत्ति धनी स्वयंले भर्नु पर्नेछ । सम्पत्ति धनीको मञ्जुरनामाको आधारमा अर्को व्यक्तिले फाराम भरि दिन सक्नेछ ।

३. जसको नाममा पूजा छ सो सम्पत्ति धनी १ (एक) करदाता हुने भएकोले प्रत्येक पूर्जा भएका व्यक्तिले छुट्टा छुट्टै फाराम भर्नु पर्नेछ ।

४. एकिकृत सम्पत्ति करको फाराम भर्दा देहायका कागजातहरु संलग्न गर्नु पर्ने छ ।

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)

(ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(ग) मञ्जुरीनामाको आधारमा फाराम भरेको भए सो मञ्जुरीनामा प्रतिलिपि ।

(घ) आ.व. ०७४/७५ सालसम्मको मालपोत तिरेको रसिदको प्रतिलिपि ।

५. हामी शीघ्र कार्य सम्पादन गर्ने गराउने कार्यमा तत्पर छौ यो कार्य पहिलो पटक एकैपटक गर्न पर्ने अवस्था र कार्य व्यस्तताले गर्दा फाराममा उल्लेख भएको विवरण कम्प्युटरमा प्रविष्ट गराउन केही समय लाग्न सक्छ तसर्थ यहाँहरुले धैर्यता समझदारीपूर्वक सहयोग गरी दिन हार्दिक अनुरोध गर्दछौ ।

०७५। ३।२५

मिठाराम हुमागाँई
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner